# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन १५००
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : ७/२०८२-८३

मितिः २०८२/०९/१३

श्री नेपाल राष्ट्र बैंक, टक्सार महाशाखा,
श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु ।

विषय : एकीकृत परिपत्र-२०८१ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८१ को एकीकृत इ.प्रा.परिपत्र: ४/२०८१ को दफा २(घ) लाई देहायबमोजिम संशोधन गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

| विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| चाँदी आयातमा भुक्तानीको सीमा : खण्ड (क) बमोजिम सुनचाँदी व्यवसाय गर्ने उद्योगले चाँदीका गरगहना, कलात्मक वस्तु, भाँडाकुँडा आदि बनाउन औद्योगिक कच्चा पदार्थको रुपमा आफ्नै प्रयोजनको लागि चाँदी आयात गर्दा प्रति पटक अमेरिकी डलर पाँच लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको सीमासम्म सटही सुविधा प्रदान गर्न सकिनेछ । अन्य सुनचाँदी व्यवसायीले चाँदी आयात गर्दा प्रति पटक अमेरिकी डलर एक लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको सीमासम्म सटही सुविधा प्रदान गर्न सकिनेछ ।<br>तर, चाँदीको गरगहना/कलात्मक वस्तु आदि निकासी गर्ने चाँदी व्यवसायीलाई देहायबमोजिम सटही सुविधा प्रदान गर्न सकिनेछ :<br>(१) निकासी आदेश पुष्टि हुने अग्रिम भुक्तानी वा प्रतीतपत्र वा विदेशबाट खरिद आदेश ।<br>(२) बुँदा (१) को कागजातमा उल्लिखित मूल्य सम्मको चाँदी आयातको लागि सटही सुविधा प्रदान गर्न सकिनेछ । सोका लागि यस खण्डमा उल्लिखित चाँदी आयातमा भुक्तानीको सीमा लागू हुने छैन ।<br>(३) सटही सुविधा दिने सम्बन्धित वाणिज्य बैंकले प्रत्येक पटक सटही सुविधा प्रदान गर्दा सो पूर्व सटही सुविधा प्रदान भएको भए सो अन्तर्गत चाँदी आयात भई तोकिएबमोजिम निर्यात भए/नभएको यकिन गर्नु पर्नेछ ।<br>(४) सम्बन्धित वाणिज्य बैंक बाहेक अन्य वाणिज्य बैंकबाट चाँदी आयातको सटही सुविधा लिई निर्यातको भुक्तानी लिन बक्यौता नरहेको सम्बन्धी स्व:घोषणा चाँदी व्यवसायीसँग लिनु पर्नेछ । | चाँदी आयातमा भुक्तानीको सीमा : खण्ड (क) बमोजिम सुनचाँदी व्यवसाय गर्ने उद्योगले चाँदीका गरगहना, कलात्मक वस्तु, भाँडाकुँडा आदि बनाउन औद्योगिक कच्चा पदार्थको रुपमा आफ्नै प्रयोजनको लागि चाँदी आयात गर्दा प्रति पटक अमेरिकी डलर पाँच लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको सीमासम्म सटही सुविधा प्रदान गर्न सकिनेछ । अन्य सुनचाँदी व्यवसायीले चाँदी आयात गर्दा प्रति पटक अमेरिकी डलर एक लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको सीमासम्म सटही सुविधा प्रदान गर्न सकिनेछ ।<br>**तर,**<br>**(अ) महिना (वि.सं. अनुसार) मा एकपटक मात्र आयात गर्ने उद्योग र व्यवसायीको हकमा उपर्युक्त सीमा क्रमशः अमेरिकी डलर बीस लाख (उद्योगको लागि) र अमेरिकी डलर चार लाख (अन्य व्यवसायीको लागि) को सीमासम्म हुनेगरी सटही सुविधा प्रदान गर्न सकिनेछ ।**<br>(आ) चाँदीको गरगहना/कलात्मक वस्तु आदि निकासी गर्ने चाँदी व्यवसायीलाई देहायबमोजिम सटही सुविधा प्रदान गर्न सकिनेछ :<br>(१) निकासी आदेश पुष्टि हुने अग्रिम भुक्तानी वा प्रतीतपत्र वा विदेशबाट खरिद आदेश ।<br>(२) बुँदा (१) को कागजातमा उल्लिखित मूल्य सम्मको चाँदी आयातको लागि सटही सुविधा प्रदान गर्न सकिनेछ । सोका लागि यस खण्डमा उल्लिखित चाँदी आयातमा भुक्तानीको सीमा लागू हुने छैन ।<br>(३) सटही सुविधा दिने सम्बन्धित वाणिज्य बैंकले प्रत्येक पटक सटही सुविधा प्रदान गर्दा सो पूर्व सटही सुविधा प्रदान भएको भए सो अन्तर्गत चाँदी |

# नेपाल राष्ट्र बैंक

## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन १५००
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np


| | |
|---|---|
| | आयात भई तोकिएबमोजिम निर्यात भए/नभएको यकिन गर्नु पर्नेछ ।<br>(४) सम्बन्धित वाणिज्य बैंक बाहेक अन्य वाणिज्य बैंकबाट चाँदी आयातको सटही सुविधा लिई निर्यातको भुक्तानी लिन बक्यौता नरहेको सम्बन्धी स्व:घोषणा चाँदी व्यवसायीसँग लिनु पर्नेछ । |

भवदीय,

(किरण पण्डित)
कार्यकारी निर्देशक

बोधार्थ:

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) नेपाल सरकार, अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा ।
५) नेपाल सरकार, अर्थ मन्त्रालय, राजस्व अनुसन्धान विभाग ।
६) नेपाल सरकार, अर्थ मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग ।
७) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
८) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा ।
९) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
१०) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
१२) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१३) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१४) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१५) श्री नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग ।
१६) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१७) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
१८) श्री नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई ।
१९) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
२०) श्री नेपाल उद्योग परिसंघ ।
२१) श्री नेपाल चेम्बर अफ कमर्स ।
२२) श्री नेपाल बैंकर्स संघ ।
२३) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
२४) श्री वित्तीय संस्था संघ ।
२५) श्री नेपाल सुन चाँदी व्यवसायी महासंघ ।
२६) श्री नेपाल सुन चाँदी रत्न तथा आभुषण महासंघ ।
२७) श्री नेपाल हस्तकला महासंघ ।